अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ९ संख्या : २५ मिति : २०८३/०६/१३

भाग-२

शौंचालय निर्माण कार्यविधि, २०८३

चुमनुब्री गाउँपालिका
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश

प्रस्तावना

चुमनुब्री गाउँपालिकाभित्र रहेका विपन्न नागरिक, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको सम्मानजनक जीवनयापन, स्वास्थ्य तथा सरसफाइको अधिकार सुनिश्चित गर्न, शौचालयको पहुँचबाट वञ्चित वा सुरक्षित रूपमा प्रयोग गर्न नसक्ने परिवारलाई लक्षित गरी सुरक्षित, स्वच्छ, अपाङ्गतामैत्री तथा वातावरणमैत्री शौचालय निर्माणमा सहयोग उपलब्ध गराउन आवश्यक भएकोले, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनको अधीनमा रही चुमनुब्री गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

परिच्छेद—१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "विपन्न नागरिक, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि एक घर एक शौचालय निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले चुमनुब्री गाउँपालिका सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले चुमनुब्री गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ङ) "कार्यक्रम" भन्नाले विपन्न नागरिक, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि एक घर एक शौचालय निर्माण कार्यक्रम सम्झनुपर्छ।

(च) "लक्षित लाभग्राही" भन्नाले यस कार्यविधिबमोजिम छनोट भएको विपन्न नागरिक, अपाङ्गता भएका व्यक्ति वा ज्येष्ठ नागरिक भएको परिवार सम्झनुपर्छ।

(छ) "शौचालय" भन्नाले मानव मलमूत्रको सुरक्षित व्यवस्थापन तथा सरसफाइका लागि निर्माण गरिने संरचना सम्झनुपर्छ।

(ज) "अपाङ्गतामैत्री शौचालय" भन्नाले अपाङ्गता भएका व्यक्तिले सुरक्षित, सहज र स्वतन्त्र रूपमा प्रयोग गर्न सक्ने गरी निर्माण गरिएको शौचालय सम्झनुपर्छ।

(झ) "लाभग्राहीको योगदान" भन्नाले लाभग्राहीले उपलब्ध गराउने श्रम, स्थानीय सामग्री वा नगद योगदान सम्झनुपर्छ।

(ञ) "प्राविधिक कर्मचारी" भन्नाले गाउँपालिकामा कार्यरत वा गाउँपालिकाले तोकेको प्राविधिक कर्मचारी सम्झनुपर्छ।

३. उद्देश्य

यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः

(क) शौचालयको पहुँचबाट वञ्चित विपन्न तथा लक्षित परिवारलाई शौचालय निर्माणमा सहयोग गर्नु।

(ख) अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि सुरक्षित र सहज शौचालयको पहुँच सुनिश्चित गर्नु।

(ग) खुला दिसामुक्त तथा स्वच्छ गाउँपालिका निर्माणमा योगदान पुऱ्याउनु।

(घ) स्थानीय स्रोत, साधन र श्रमको उपयोग गरी दिगो सरसफाइ पूर्वाधार निर्माण गर्नु।

(ङ) लक्षित वर्गको स्वास्थ्य, सरसफाइ र सम्मानजनक जीवनयापनमा सुधार ल्याउनु।

४. कार्यक्रम सञ्चालनका आधार

कार्यक्रम सञ्चालन गर्दा देहायका आधार अवलम्बन गरिनेछः

(क) लक्षित वर्गको वास्तविक आवश्यकता र आर्थिक अवस्था।

(ख) शौचालयको पहुँचबाट वञ्चित वा सुरक्षित रूपमा प्रयोग गर्न नसक्ने अवस्था।

(ग) स्थानीय भूगोल, जलवायु, पानीको उपलब्धता र निर्माण सामग्रीको अवस्था।

(घ) प्रचलित कानून, स्वीकृत बजेट तथा लागत अनुमान।

(ङ) पारदर्शिता, जवाफदेहिता, समावेशिता र जनसहभागिता।

परिच्छेद—२
कार्यक्रम सञ्चालन तथा लाभग्राही छनोट

५. कार्यक्रम सञ्चालन गरिने क्षेत्र

(१) कार्यक्रम गाउँपालिकाका सबै वडामा सञ्चालन गर्न सकिनेछ।

(२) कार्यक्रम सञ्चालन गर्दा बजेटको उपलब्धता, लक्षित परिवारको संख्या, भौगोलिक आवश्यकता तथा प्राथमिकताका आधारमा वडा वा बस्ती छनोट गर्न सकिनेछ।

(३) कार्यक्रम सञ्चालन हुने वडा तथा बस्तीको विवरण गाउँपालिकाले वार्षिक कार्यक्रम तथा बजेटमा तोकेबमोजिम हुनेछ।

६. लाभग्राही छनोटका प्राथमिकता

लाभग्राही छनोट गर्दा देहायका परिवारलाई प्राथमिकता दिइनेछः

(क) शौचालय नभएको अति विपन्न परिवार।

(ख) अपाङ्गता भएका व्यक्ति भएको र शौचालय नभएको वा प्रयोग गर्न कठिन भएको परिवार।

(ग) असहाय वा आश्रित ज्येष्ठ नागरिक भएको परिवार।

(घ) आर्थिक रूपमा विपन्न तथा शौचालय निर्माण गर्न नसक्ने परिवार।

(ङ) भौगोलिक रूपमा दुर्गम वा जोखिमयुक्त बस्तीमा रहेका परिवार।

(च) अन्य लक्षित परिवार, जसलाई गाउँपालिकाले आवश्यकता र बजेटको आधारमा समेट्न उपयुक्त ठहऱ्याएमा।

७. लाभग्राही छनोटका आधार

(१) लाभग्राही छनोट गर्दा सम्बन्धित वडा कार्यालयले अनुसूची१ बमोजिमको आवेदन फाराम तथा ——अनुसूची२ बमोजिमका मूल्याङ्कनका आधारहरू अवलम्बन गरी लाभग्राही छनोट गर्नुपर्नेछ।

(२) लाभग्राहीको आर्थिक अवस्था, शौचालयको अवस्था, अपाङ्गता वा ज्येष्ठ नागरिकको आवश्यकता तथा भौगोलिक अवस्थाको आधारमा मूल्याङ्कन गरिनेछ।

(३) एउटै परिवारले यस कार्यक्रमबाट एक पटक मात्र अनुदान प्राप्त गर्न सक्नेछ।

(४) अन्य सरकारी वा गैरसरकारी निकायबाट सोही प्रयोजनका लागि अनुदान प्राप्त गरिसकेको परिवारलाई दोहोरो अनुदान दिइने छैन।

८. लाभग्राही छनोट समिति

(१) लाभग्राही छनोटका लागि देहायबमोजिमको समिति रहनेछः

१. वडा अध्यक्ष	संयोजक
२. वडा सदस्य सबै	सदस्य
३. सम्बन्धित वडाको प्राविधिक कर्मचारी	सदस्य
४. प्रमुख राजनीतिक दलका प्रतिनिधी एक/एक जना	सदस्य
५. वडा सचिव	सदस्य सचिव

(२) समितिले आवेदन संकलन, स्थलगत निरीक्षण, अंक मूल्याङ्कन तथा लाभग्राहीको प्राथमिकता सूची तयार गर्नेछ।

(३) समितिले तयार गरेको सूची वडा कार्यालयमा सार्वजनिक गरी गाउँपालिकामा सिफारिस गर्नेछ।

९. लाभग्राहीको अन्तिम स्वीकृति

(१) लाभग्राही छनौट समितिले लाभग्राहीको अन्तिम स्वीकृति गर्नेछ।

(२) अन्तिम स्वीकृत लाभग्राहीको नाम, ठेगाना, शौचालयको अवस्था तथा स्वीकृत अनुदान रकम सार्वजनिक गरिनेछ।

(३) लाभग्राहीको अन्तिम स्वीकृति गर्दा बजेटको उपलब्धता तथा प्राविधिक सम्भाव्यता समेत विचार गरिनेछ।

परिच्छेद—३
प्राविधिक मापदण्ड तथा निर्माण

१०. शौचालय निर्माणको प्राविधिक मापदण्ड

(१) शौचालय निर्माण गर्दा गाउँपालिकाले स्वीकृत गरेको नमुना डिजाइन तथा प्राविधिक मापदण्ड पालना गर्नुपर्नेछ।

(२) शौचालयमा कम्तीमा देहायका सुविधा हुनुपर्नेछः

(क) सुरक्षित प्यान वा कमोड।

(ख) मलमूत्रको सुरक्षित व्यवस्थापन हुने पिट वा सेप्टिक टयाङ्की।

(ग) पानीको उपलब्धता वा उपयुक्त पानी व्यवस्थापन।

(घ) हात धुने स्थान।

(ङ) पर्याप्त प्रकाश तथा भेन्टिलेसन।

(च) सुरक्षित ढोका तथा गोपनीयता कायम हुने व्यवस्था।

(छ) स्थानीय भूगोलअनुकूल सुरक्षित संरचना।

(ज) वातावरणीय तथा स्वास्थ्य सुरक्षाको व्यवस्था।

११. अपाङ्गतामैत्री शौचालय

(१) अपाङ्गता भएका व्यक्ति भएको परिवारका लागि शौचालय निर्माण गर्दा आवश्यकताअनुसार अपाङ्गतामैत्री डिजाइन अपनाइनेछ।

(२) अपाङ्गतामैत्री शौचालयमा आवश्यकताअनुसार देहायका सुविधा राख्न सकिनेछः

(क) सहज प्रवेश तथा पर्याप्त ढोकाको चौडाइ।

(ख) र्याम्प वा सहज आवतजावतको व्यवस्था।

(ग) समथर तथा चिप्लिन नदिने भुइँ।

(घ) समाते बार।

(ङ) उपयुक्त उचाइको कमोड।

(च) ह्वीलचेयर वा सहायक उपकरण प्रयोग गर्न सकिने स्थान।

(छ) आवश्यकतानुसार अन्य पहुँचयुक्त सुविधा।

(३) अपाङ्गतामैत्री शौचालयको डिजाइन सम्बन्धित प्राविधिक कर्मचारीले लाभग्राहीको आवश्यकता हेरी निर्धारण गर्नेछ।

१२. निर्माण गर्ने विधि

(१) शौचालय निर्माण लाभग्राही स्वयम्ले वा उपभोक्ता समितिमार्फत वा गाउँपालिकाले प्रचलित कानूनबमोजिम तोकेको अन्य विधिबाट गर्न सकिनेछ।

(२) निर्माण विधि छनोट गर्दा कार्यक्रमको प्रकृति, लाभग्राहीको अवस्था, बजेट तथा प्राविधिक सम्भाव्यता विचार गरिनेछ।

(३) निर्माण कार्य स्वीकृत डिजाइन तथा लागत अनुमानबमोजिम गर्नुपर्नेछ।

(४) निर्माण सामग्री तथा श्रमको उपयोग गर्दा स्थानीय स्रोत, साधन र जनशक्तिलाई प्राथमिकता दिन सकिनेछ।

१३. निर्माण सम्पन्न गर्ने अवधि

(१) लाभग्राहीले सम्झौतामा उल्लिखित शर्त तथा तोकिएको समयावधिभित्र शौचालय निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ ।

(२) विशेष भौगोलिक अवस्था, मौसम वा अन्य उचित कारणले तोकिएको अवधिमा निर्माण सम्पन्न हुन नसकेमा गाउँपालिकाले आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ।

परिच्छेद—४
अनुदान तथा भुक्तानी व्यवस्था

१४. अनुदानको सीमा

(१) गाउँपालिकाले स्वीकृत बजेट तथा लागत अनुमानको आधारमा प्रति परिवार श्रमदान बाहेकको रकम अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपभोक्ता समितिमार्फत कार्य गराउँदा कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिन सकिने छ ।

(४) अनुदान रकमको सीमा गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेटमा तोक्न सक्नेछ।

१५. लाभग्राहीको योगदान

(१) लाभग्राहीले निर्माण कार्यमा श्रम, स्थानीय सामग्री वा नगद योगदान गर्नुपर्नेछ।

(२) लाभग्राहीको योगदानको न्यूनतम सीमा गाउँपालिकाले स्वीकृत लागत अनुमानका आधारमा निर्धारण गर्नेछ।

१६. सम्झौता

(१) लाभग्राहीसँग अनुसूची—३ बमोजिमको सम्झौता गरिनेछ।

(२) सम्झौतामा निर्माण अवधि, स्वीकृत लागत, अनुदान रकम, लाभग्राहीको योगदान, प्राविधिक मापदण्ड तथा भुक्तानीका शर्तहरू उल्लेख गरिनेछ।

(३) सम्झौता नगरी अनुदान उपलब्ध गराइने छैन।

१७. भुक्तानी व्यवस्था

(१) अनुदान रकम लाभग्राही/उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित प्राविधिकबाट तयार गरिएको कार्य सम्पन्न प्रतिवेदनका आधारमा लाभग्राही/उपभोक्ता समितिको बैंक खातामार्फत भुक्तानी गरिनेछ।

परिच्छेद—५
अनुगमन, मूल्याङ्कन तथा अभिलेख

१८. अनुगमन

(१) कार्यक्रमको अनुगमन गाउँपालिका तथा वडा कार्यालयबाट गरिनेछ।

(२) अनुगमन गर्दा देहायका विषय जाँच गरिनेछः

(क) स्वीकृत लाभग्राही नै भएको वा नभएको।

(ख) शौचालय स्वीकृत डिजाइनबमोजिम निर्माण भएको वा नभएको।

(ग) अनुदान रकमको सही उपयोग भएको वा नभएको।

(घ) शौचालय प्रयोगयोग्य भएको वा नभएको।

(ङ) लाभग्राहीको योगदान भएको वा नभएको।

१९. प्राविधिक जाँच तथा सम्पन्न प्रतिवेदन

(१) निर्माण सम्पन्न भएपछि सम्बन्धित प्राविधिक कर्मचारीले स्थलगत निरीक्षण गरी अनुसूची-४ बमोजिमको सम्पन्न प्रतिवेदन तयार गर्नेछ।

(२) शौचालय प्रयोग योग्य भएको प्रमाणित भएपछि भुक्तानी गरिनेछ।

२०. अभिलेख व्यवस्थापन

गाउँपालिकाले कार्यक्रमसम्बन्धी देहायका अभिलेख राख्नेछः

(क) लाभग्राहीको आवेदन तथा छनोट विवरण।

(ख) स्वीकृत लाभग्राहीको सूची।

(ग) सम्झौता तथा भुक्तानी विवरण।

(घ) निर्माणपूर्व तथा निर्माणपछिको फोटो।

(ङ) प्राविधिक नापजाँच तथा सम्पन्न प्रतिवेदन।

(च) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन।

(छ) अन्य आवश्यक कागजात।

२१. सार्वजनिक सुनुवाइ तथा पारदर्शिता

(१) कार्यक्रमको लाभग्राही सूची, स्वीकृत रकम तथा प्रगति विवरण सार्वजनिक गर्न सकिनेछ।

(२) गाउँपालिकाले कार्यक्रमको प्रभावकारिता, पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्न आवश्यकतानुसार सार्वजनिक सुनुवाइ वा सामाजिक परीक्षण गर्न सक्नेछ।

परिच्छेद—६
विविध

२२. गुनासो व्यवस्थापन

(१) कार्यक्रमसम्बन्धी गुनासो वडा कार्यालय वा गाउँपालिकामा पेश गर्न सकिनेछ।

(२) प्राप्त गुनासोको आवश्यक छानबिन गरी प्रचलित कानून तथा यस कार्यविधिबमोजिम समाधान गरिनेछ।

२३. अनुदान दुरुपयोग भएमा असुलउपर

(१) लाभग्राहीले अनुदान रकम अन्य प्रयोजनमा प्रयोग गरेको, झुट्टा विवरण पेश गरेको वा सम्झौताबमोजिम निर्माण नगरेको प्रमाणित भएमा गाउँपालिकाले अनुदान रकम असुलउपर गर्न सक्नेछ।

(२) दुरुपयोग गर्ने लाभग्राहीलाई प्रचलित कानूनबमोजिम कारबाही गर्न सकिनेछ।

२४. कार्यविधिको संशोधन

गाउँ कार्यपालिकाले आवश्यकता र प्रचलित कानूनबमोजिम यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।

२५. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गर्न सक्नेछ।

२६. प्रचलित कानूनबमोजिम हुने

यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानूनबमोजिम हुनेछन्।

२७. खारेजी तथा बचाउ

यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ र अन्य व्यवस्था कायम रहनेछ।

अनुसूची—१

लाभग्राहीको आवेदन फाराम

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सिर्दिवास, गोरखा

विपन्न नागरिक, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि एक घर एक शौचालय निर्माण कार्यक्रम

श्री वडा अध्यक्ष ज्यु, मिति :

चुमनुब्री गाउँपालिका वडा नं ……

१. आवेदकको विवरण

विवरण	भर्नुपर्ने
आवेदकको नाम, थर	
स्थायी ठेगाना	चुमनुब्री गाउँपालिका वडा नं. —
सम्पर्क नम्बर	
नागरिकता/परिचयपत्र नं. र जारी मिति	
परिवारका सदस्य संख्या	
परिवारको मुख्य पेशा	
अनुमानित वार्षिक आम्दानी	
बैंक खाता नं.	

२. लक्षित वर्गसम्बन्धी विवरण

विवरण	अवस्था
परिवारमा अपाङ्गता भएका व्यक्ति छन्?	☐ छन् ☐ छैनन्
अपाङ्गता परिचयपत्र नं.	
परिवारमा ज्येष्ठ नागरिक छन्?	☐ छन् ☐ छैनन्
ज्येष्ठ नागरिकको संख्या	
परिवार अति विपन्न छ?	☐ हो ☐ होइन
परिवारमा एकल महिला/असहाय व्यक्ति छन्?	☐ छन् ☐ छैनन्

३. शौचालयसम्बन्धी विवरण

विवरण	अवस्था
घरमा शौचालय छ?	☐ छ ☐ छैन
भए प्रयोगयोग्य छ?	☐ छ ☐ छैन
शौचालय निर्माण गर्न आवश्यक छ?	☐ हो ☐ होइन
अपाङ्गतामैत्री शौचालय आवश्यक छ?	☐ हो ☐ होइन
निर्माणका लागि उपयुक्त स्थान छ?	☐ छ ☐ छैन
पानीको स्रोत उपलब्ध छ?	☐ छ ☐ छैन

४. आवेदकको घोषणा

म/हामीले यस कार्यक्रममा पेश गरेको विवरण सत्य रहेको र गाउँपालिकाबाट प्राप्त अनुदान रकम स्वीकृत प्रयोजनबाहेक अन्यत्र प्रयोग नगर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं।

आवेदकको नामः ——————

दस्तखतः ——————

मितिः ——————

अनुसूची—२

लाभग्राही छनोट तथा मूल्याङ्कन फाराम

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

१.लाभग्राहीको नामथर : २. ना प्र प नं र जारी मिति:

२.ठेगाना :

क.सं.	मूल्याङ्कनको आधार	भएको	नभएको
१	शौचालय		
२	अति विपन्न परिवार		
३	अपाङ्गता भएका व्यक्ति भएको परिवार		
४	असहाय/आश्रित ज्येष्ठ नागरिक भएको परिवार		
५	एकल महिला/असहाय व्यक्ति भएको परिवार		
६	दुर्गम/जोखिमयुक्त भौगोलिक अवस्था		
७	स्थानीय स्रोतबाट योगदान गर्न नसक्ने अवस्था		
८	अन्य लक्षित आवश्यकता		

मूल्याङ्कन समितिको निर्णयः

आवेदकलाई मूल्याङ्कनका आधारमा लाभग्राही सूचीमा समावेश गर्न सिफारिस गरिन्छ।

१. वडा अध्यक्ष श्री .... संयोजक

२. वडा सदस्यहरू (सबै) .... सदस्य

३. वडा प्राविधिक कर्मचारी श्री .... सदस्य

४. प्रमुख राजनीतिक दलका प्रतिनिधी एक/एक जना सदस्य

५. वडा सचिव श्री .... सदस्य सचिव

अनुसूची—३

लाभग्राहीसँग गरिने सम्झौता पत्र
(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

आज मिति …………………… गते चुमनुब्री गाउँपालिका, …….. नं. वडा कार्यालय, सिर्दिवास, गोरखा (यसपछि "वडा कार्यालय" भनिएको) र श्री/श्रीमती ———— (यसपछि "लाभग्राही" भनिएको) बीच देहायका शर्तमा यो सम्झौता गरियो।

१. कार्यक्रमको नाम

विपन्न नागरिक, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि एक घर एक शौचालय निर्माण कार्यक्रम

२. निर्माण स्थल

चुमनुब्री गाउँपालिका वडा नं………, बस्ती…………..।

३. स्वीकृत लागत तथा अनुदान

विवरण	रकम
स्वीकृत कुल लागत	रु.
गाउँपालिकाको अनुदान	रु.
लाभग्राहीको योगदान	रु.

४. सम्झौताका शर्तहरू

(क) लाभग्राहीले स्वीकृत डिजाइन तथा प्राविधिक मापदण्डबमोजिम शौचालय निर्माण गर्नेछ।

(ख) निर्माण कार्य सम्झौता भएको मितिले ५ महिना भित्र सम्पन्न गर्नेछ।

(ग) लाभग्राहीले गाउँपालिकाबाट प्राप्त अनुदान रकम स्वीकृत प्रयोजनबाहेक अन्यत्र प्रयोग गर्ने छैन।

(घ) निर्माण कार्यको प्राविधिक जाँच तथा अनुगमन गाउँपालिकाले गर्नेछ।

(ङ) शौचालय निर्माणका लागि घरधनीले उचित जग्गाको व्यवस्थापन आफै गर्नुपर्नेछ ।

(च) शौचालय निर्माण सम्पन्न भएपछि प्राविधिक कर्मचारीबाट सम्पन्न प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी गरिनेछ।

(छ) अनुदान रकम दुरुपयोग भएको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम रकम असुलउपर गर्न सकिनेछ।

(ज) लाभग्राहीले शौचालय नियमित रूपमा प्रयोग तथा सरसफाइ गर्नेछ।

६. सम्झौता गर्ने पक्ष

वडा तर्फ तर्फबाट

नामः ——————

पदः ——————

दस्तखतः ——————

मितिः ——————

लाभग्राहीको तर्फबाट

नामः ——————

दस्तखत/ल्याप्चेः ——————

मितिः ——————

अनुसूची—४

प्राविधिक जाँच तथा सम्पन्न प्रतिवेदन

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

१. लाभग्राहीको विवरण

विवरण	
नाम	
वडा नं.	
बस्ती	
सम्झौता मिति	
स्वीकृत अनुदान रु.	

२. निर्माणको अवस्था

विवरण	अवस्था
शौचालय निर्माण सम्पन्न	□ छ □ छैन
स्वीकृत डिजाइनबमोजिम निर्माण	□ छ □ छैन
प्यान/कमोड जडान	□ छ □ छैन
पिट/सेप्टिक ट्याङ्की व्यवस्था	□ छ □ छैन
पानीको व्यवस्था	□ छ □ छैन
हात धुने स्थान	□ छ □ छैन
प्रकाश/भेन्टिलेसन	□ छ □ छैन
ढोका तथा गोपनीयता	□ छ □ छैन
अपाङ्गतामैत्री सुविधा	□ आवश्यक □ नभएको □ पूरा भएको
शौचालय प्रयोगयोग्य	□ छ □ छैन

३. प्राविधिक निष्कर्ष

उपरोक्त शौचालय स्वीकृत डिजाइन तथा प्राविधिक मापदण्डबमोजिम निर्माण सम्पन्न भएको र प्रयोगयोग्य भएको बेहोरा प्रमाणित गरिन्छ।

प्राविधिक कर्मचारीको नामः ——————

पदः ——————

दस्तखतः ——————

मितिः ——————

वडा अध्यक्षको नामः ——————

पदः ——————

दस्तखतः ——————

मितिः ——————